CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पर्ण

ॐ

क्षेमराज 'केशवशरण'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समर्पण

लेखक द्वारा उपहार
प्राप्त



-- खेमराज केशवशरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशिका–
शारदा देवी उपाध्याय
केशवकुटी
६/३ सिफल
काठमाडौं

प्रथम संस्करण– २०३४ साल (२००० प्रति)
दोश्रो संस्करण– २०३७ साल (१००० प्रति)
तेस्रो संस्करण– २०३९ साल (२००० प्रति)
चौथो संस्करण– २०४३ साल (२००० प्रति)

मूल्य रू. १२।-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रथम संस्करणको प्रकाशकीय

धर्म, अध्यात्मभावना र ईश्वरप्रतिको आस्थाबाट प्रेरित भै चलिआएको हाम्रो सामाजिक जीवन पद्धतिमा समयानुसार सर्वजन–सुलभ भाषा र भावनामा जीवनका आध्यात्मिक आदर्शहरूको प्रतिपादन हुँदै रहनु भावनात्मक विकासको एउटा अपरिहार्य आवश्यकता हुन आउँछ। मानवका विकासप्रयत्नहरूले बताएका छन्, जब-जब मानव स्वयंको निर्माण-यत्न आवश्यक हुन्छ. त्यसको निम्ति धर्म अध्यात्मले लक्ष्य गरेका पवित्र मर्यादाहरूप्रति अभिमुख बन्नु शिवाय अर्को मार्ग रहन्न। मानवका अरू प्रयत्नहरू बाहिरीसाधनबाट पनिपुरा हुन सक्लान परन्तु मानिसमा पवित्रताको सिर्जना गर्ने यत्न धर्म अध्यात्मको साधनामृतले स्पर्श नगरी सफल भएको अहिले सम्म कहीं पाइएको छैन। यो मानव आत्माको शाश्वत प्रयोग हो। अमोघ अनुभव हो। सौभाग्यवश धर्मको ईश्वरमूलक सारसत्यप्रति आस्थावान् रही शान्ति, सहयोगिता र पूरकताबीच हुर्केको हाम्रो धार्मिक आध्यात्मिक मान्यता र परम्परालाई जीवन साधनाका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जुन पावन मर्यादाहरूले मार्गदर्शन गर्दै आएका छन् तिनको परिशील हुँदै रहनु स्वतः महत्वपूर्ण विषय हुन्छ। त्यसैले हाम्रो शाश्वत आस्थाका तिनै पावन चिन्तनहरूलाई छोटो, छरितो र रुचिकर रूपमा प्रकाशित गरी जनसाधारणमा सुलभ मूल्यमा उपलब्ध गराउने उद्देश्यले "साधना प्रकाशन"को स्थापना भएको हो। साधना प्रकाशनको पहिलो उपहार परमेश्वरप्रतिको विनम्र समर्पणसाथ प्रस्तुत गर्ने साधना प्रकाशनको रहर अनुसार धार्मिक आध्यात्मिक क्षेत्रका प्रतिष्ठित विद्वान आदरणीय श्री खेमराज केशवशरणज्यूको सरस भक्तिरचना 'समर्पण' प्रकाशितगरिएकोछ। हामीलाईविश्वास छ, यस मधुर भक्तिरचनाको प्रकाशनले आध्यात्मिक साधनाको दिशामाभावनात्मक उज्यालो छर्नेछ र साधना प्रकाशनको रहर पूरा गर्न सहयोग पुग्ने छ। सुन्दर भक्तिगीतहरूको यो सङ्गालो प्रकाशित गर्ने अवसर प्रदान गरेर असाधारण सहयोग गर्नुभएकोमा लेखक प्रति हामी आभारी छौं।

--साधना प्रकाशन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चौथो संस्करणबारे ।

आदरणीय पाठकवृन्द समक्ष समर्पणको चौथो संस्करण प्रस्तुत गर्न पाएकोमा सन्तोष लागेको छ । यस अघिका तीन संस्करणहरूले जसरी पाठकवर्गको रुचिप्राप्त गर्न सफलता पाए त्यसबाट समाजमा आज पनि ईश्वर-प्रतिको भक्तिभाव सशक्त रूपमा जीवित छ भन्ने कुरा प्रमाणित गर्दछ । रचनाको भावपक्ष जत्तिकै गेयताको महत्त्व हुन्छ । जति भाव हुन्छ त्यति रचना हृदयग्राही हुन्छ जति गेयता हुन्छ त्यति रचना गुनगुनाउन मन लाग्ने हुन्छ । वास्तवमा जनरुचि जगाउनमा यी दुवै पक्षको योगदान उल्लेखनीय रहन्छ ।

गत संस्करणहरूमा क्रमशः थप रचनाहरू समावेश हुँदै आए जस्तै यस संस्करणमा पनि केही थप रचनाहरू समावेश गरिएका छन् । भगवान बुद्ध, तीर्थङ्कर महावीर एवं गुरु नानक जस्ता हिन्दू धर्मसंस्कृतिको वृहत्तर विकासमा उल्लेखनीय सहयोग पुऱ्याउने महापुरुषहरूका वन्दनाहरू थप समावेश गरिएका रचनाहरू मध्ये विशेष उल्लेखनीय छन् । समर्पणले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाएको जनरुचिले यसमा रहेको रचनाको स्तरलाई– भन्दा पनि नेपाली जीवनमा रहेको आफ्नो धर्मप्रतिको हार्दिक आस्थालाई प्रतिविम्वित गरेको छ भन्ने मैले ठानेको छु । यसै जन आस्थाको फलस्वरूप प्रस्तुत संस्करणले पनि सहृदय पाठकवर्गको रुचिप्राप्त गर्नेअवसर पाउने छ भन्ने विश्वास छ ।

भगवत्साधनाप्रेमीहरूको

मिति– २०४३।३।२५ सधैं स्नेह चाहने

खेमराज केशवशरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबतिर तिम्रै सौरभ चल्दछ

भुवन बगैंचाका प्रभु माली, कस्तो फूल चढाऊँ
सबतिर तिम्रै सौरभ चल्दछ, धूप नयाँ कुन ल्याऊँ
(समर्पण : पैंतीसौं पुष्प)

दिव्यताको दर्शन, जीवनमा त्यसको अवतरण र त्यसप्रति आत्मसमर्पण यही हाम्रा स्तुतिगीतहरूको विशेषता हो । हाम्रा स्तुतिगीतको परम्परा गायत्रीमंत्र जति नै प्राचीन छ ।

वैदिक ऋषिहरू प्रकृतिको विराट् वैचित्र्यले आश्चर्य-चकित थिए । त्यसबेला 'म को हुं ?' भन्दा 'यो के हो ?' प्रश्न प्रबल थियो । उनीहरूले प्रकृतिमा दिव्यताको दर्शन गरे । त्यो दिव्यता मानिसले जस्तै सास नफेरे पनि आत्माको अन्तःस्फुरणमा जीवन जस्तै थियो । त्यसका समीपमा बस्ता कता कता ऋषिहरूलाई अमरताको आभास हुन्थ्यो । प्रकृतिका क्रियाकलापको पछाडि एक दिव्य नियम (ऋतु) थियो, यस्तै व्यवस्था ऋषिहरू मनुष्य जीवनमा पनि चाहन्थे, सृष्टिको दिव्य वैभवलाई जीवनमा पनि चाहन्थे अनि ऋषिहरूले यो दिव्यतालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानवीय व्यक्तित्व प्रदान गरेर सुन्दर स्तुतिगीत गाए । ती गीत सुन्दा यस्तो लाग्थ्यो–देवताहरू ज्योतिर्मय रूपमा उपस्थित छन्, जो देखिन्छन् तर छोइन्न, जो हाम्रा सुखदुःखमा सहायक बन्छन् र आफ्नो दिव्य लोकमा फर्कन्छन् । दिव्य जीवनका स्वर्लोकबाट मर्त्यजीवनमा ऐश्वर्य र आनन्दका किरण वर्सन्थे । प्रभातका किरणहरू हामीभित्र पसेर हामीलाई ऋस्काउँछन् अनि नव्यूँझी सुखै छैन । विहानको कलिलो उज्यालोलाई ज्योतिर्वसना दिव्यकुमारीको रूपमा देख्ने कुत्स ऋषि भन्छन्–"मनुष्य हो, जाग! । हेर अन्धकार भाग्यो, ज्योति आयो– जो हाम्रो प्राणको प्राण हो र जीवनको जीवन हो । त्यो ज्योति सूर्यलाई पनि संसारभरि फैलिने बाटो बनाऔं– हामीहरू पनि फैलिएर जाऔं–अन्नका खेतमा जीवनका क्षेत्रमा ।"

उदीर्ध्वं जीवो असुर्न आगात् अप प्रागात् तम आ ज्योतिरेति ।
आरैक् पन्थां यातवे सूर्याय अगन्म यत्र प्रतिरन्त आयुः।।

उपनिषद्काऋषिहरूले परम सत्यलाई जीवनदर्शनको व्यापक आधारको रूपमा लिए र त्यसैबाट पूर्णता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केन्द्रित चिन्तन र प्रार्थना प्रवाहित भयो ।

उत्तर- कालीन साहित्यमा हाम्रा स्तुतिगीतहरू भाव-प्रधान बन्छन् । त्यहाँ 'म को हुँ" को प्रश्नै रहन्न, त्यहाँ आपनो अस्तित्व आँशुमा विगलित हुन्छ । त्यहाँ 'उनी' रहन्छन् र उनीसंगको भावात्मक सम्बन्ध रहन्छ । उनी हाम्रो जीवनसंग्रामका सारथि बन्छन्, सखा बन्छन्, हामी जहाँ जे काम गर्छौं उनैको काम गर्छौं । अब ज्ञात अज्ञात रहन्न र त्यसलाई हामी तर्क र प्रमाण ध्यान र धारणाले प्राप्त गर्दैनौं । त्यो त हाम्रो आत्मीय जनको रूपमा हाम्रै माझमा हुन्छ । माता पिताले जस्तै, उनले हाम्रो सुख दुःखमा हस्तक्षेप गर्छन् । उनी हामीमाथि अहैतुकी कृपा गर्छन् । हामी उनलाई सांसारिक भावनाको सारमा प्यार गर्छौं, माया गर्छौं, आदर गर्छौं, हाम्रा सहज भावना स्वतः पवित्र बन्छन् । हामी 'उनी मेरा हुन् भन्ने भाव साथ 'उन' मा समर्पित हुन्छौं र दूध खाएर आमाको छातीमा निदाउने बालक जस्तै बन्छौं। उनी हाम्रा निष्ठा र उनी हाम्रा आधार बन्छन् । उनी हाम्रा सर्वस्व र सर्वस्वजन बन्छन् ।

त्वमेव माता च पिता त्वमेव त्वमेव बन्धुश्च सखा त्वमेव
त्वमेव विद्या द्रविणं त्वमेव त्वमेव सर्वं मम देव देव ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाण्ड विद्वान्, ओजस्वी वक्ता, अध्यात्मप्रवण कवि श्री खेमराज 'केशवशरण' जीको 'समर्पण' रसास्वादनसाथ पढें । यो काव्य रचना गरेर कविले आफ्नो उपनामलाई सार्थक बनाएका छन् । प्रायशः स्तुतिगीत लेख्नेहरू 'जय जय सीता राम!' जस्ता थेगाहरूमै भक्ति खनिएको सम्झन्छन्, तर भक्ति त भाव हो- त्यो भाव चित्तको तरलित अवस्थामा नआइकन भक्तिगीत मौलिक बन्न सक्तैनन् । यस रचनाका कविमा कवित्वको मीठो र मौलिक स्फुरण छ। यी रचना पढ्दा लय स्वतः सृजित हुन्छ र वर्णवृत्तहरूले पनि गीतको रूप लिन्छन् । पदावली सुन्दै सुललित छन् र अर्थको मधुरताले हाम्रा आंखाका कोषमा अश्रु बिन्दु ल्याउँछन् । यस रचनाले नेपाली काव्यजगतमा अनुभव गरिएको भक्तिगीतको कमीलाई सानै आकारले भए पनि पूर्ति गरेको छ । हामी यो रचना पढ्दा भक्तिभावले गद्गद् हुन्छौं, हाम्रो मनमा दिव्यज्योति अवतरित हुन्छ र हामी पवित्रताको वातावरणमा प्रवेश गर्छौं । यसका कवि आफ्ना दार्शनिक विचारले चेतन भएर नै भक्तिभावनामा बहन्छन् । यहाँ आराध्यको कुनै रूपविशेषप्रति आग्रह छैन, सबैमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनकै दर्शन छ। कवि आफ्ना आराध्यप्रति जसरी समर्पित छन् त्यसरी नै मानवप्रति पनि समर्पित छन्। यी रचनाले विश्वस्रष्टामाथि आस्था जगाएर विश्वमानवप्रति प्रेम जगाउन लगाउँछन् र समर्पित भावनाले भक्ति गर्न लगाएर समर्पित भावनाले कर्म गर्न पनि लगाउँछन्।

म यौटा यन्त्र हुँ तिम्रो म तिम्रै शक्तिले चल्छु
उधारो दीप भै भवमा म तिम्रै ज्योतिले बल्छु ।।
सेवा नै हो पूजा प्रभुको धर्म छ परोपकार
विश्वम्भरको मन्दिर यै हो दीनदुःखीको द्वार ।।
ज्योतिशिखामै दृष्टि लगाई चल्दछ मानवको अभियान

'समर्पण' का कविले सरस्वतीमाताका पाउमा यी श्रद्धाका सुमन चढाएर हाम्रो साहित्यिक वातावरणमा सौरभ भरिदिएका छन्।

२५ फागुन २०३४

माधवप्रसाद घिमिरे
उपकुलपति
नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनैसित दुइ शब्द

विश्वात्मन !

तिमी कति दयालु छौ ? तिम्रो रचनाको सर्वश्रेष्ठ जीवन हो मानव जीवन । तर त्यसमा पनि आइपुग्ने अधिकार दियौ साथै तिम्रो स्मृतिको समेत वरदान दिएर तिमीले लाएको ऋणबाट हामी कहिल्यै छुट्न सकौंला? आफुतिर लगाएका छौ जे जस्तो सेवा गराउनु छ गराऊ । मेरो भक्तको विनाश छैन भनेर तिमीले घोषणा गरिसकेका छौ । त्यसैको भरमा यो कदम अगि बढ्न उत्सुक छन् । तिम्रो सामु हामी को हौं र? कहाँ अनन्तकोटिब्रह्माण्डनायक ! कहाँ अनन्त आकाशमा धूलिकणसमान बनेको यस पृथ्वीका स्वयं धूलिकणतुल्य अकिञ्चन जीव! कहाँ असीम सत्तास्वरूप विश्वसञ्चालक तिमी! कहाँ विद्युतको गतिले अगि बढ्ने नश्वर जीवनको यो डगमगाउँदो नौकाका असहाय यात्री हामी ! लाज तिम्रो हो शरणागतहरूले त्राण पाएमा श्रेय तिम्रै हो । दुर्बलाई ख्याल राख्नेछौ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

करुणामय,

तिम्रो असीम करुणाप्रति कृतज्ञ बन्न पाऊँ । लाग्दछ यसभन्दा पर हामी अकिञ्चनले के गर्न सकौंला? कृतज्ञताले तिम्रो सामु सधैं मस्तक अवनत भै रहोस् यही वरदान देऊ । तिमी प्रतिको यस रुखो सूखो समर्पणमा पनि आफ्नो सरस लेखनीको स्पर्श प्रदान गरेरशु भाशीष दिने आदरणीय कविज्यूप्रति म आभारी छु । संझेको छु यो आभारज्ञापन पनि तिमीप्रतिकै कृतज्ञतताको समर्पण हुनेछ । किनकि तिमीनै सबैमा छौं । यस पद्यपुष्पाञ्जलिमा सुन्दर आवरणपृष्ठको चित्र तयार पारिदिनु भै सहयोग गर्नु हुने प्रिय मित्र श्री हरि प्रसाद शर्माजीकासाथै प्रेरणाको दृष्टिले र प्रकाशनको दृष्टिले भावनाबल जुटाइदिने सबैप्रति तिम्रै कृपाको संस्मरणस्वरूप कृतज्ञ बन्न चाहन्छु । तिमीप्रति कृतज्ञताको यो भावनालाई सधैं बढाउँदै लगिदेऊ । यो कहिल्यै नसुकोस् त्यति भए मैले जीवनको मधुर फल पाउने छु ।

प्रेमास्पद,

हामी त गीतकार, सङ्गीतकार, मतलब तिमी नै छौ आधर । तिम्रो महिमा नहुँदो हो त हामी केमा गीत रच्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हौं, केमा सङ्गीत भर्दा हौं? तिमी आफनै गरिमा लुटाउँछौ र लुट्नेलाई नै पीठ ठोकिदिन्छौ। तब न अद्भुत दानी! मञ्च तिम्रो, साजतिम्रो विषयवस्तु तिम्रो, गीततिम्रो, संगीत तिम्रो, अनि हामी! हामीचाहिं गायक र अभिनेता रे! श्रेय फेरि गायक र अभिनेतालाई नै रे! धन्य लीलामय! तिम्रो यो करुणलीलाप्रति नै एकमात्र आशा राखी तिम्रो महिमालाई सधैं गाउन पाए यो जीवन सफल जाला, यही एकमात्र रहर लिएर केही पुष्प यहाँ चढाइंदै छन् ।

पतितपावन,

आशा छ, शबरीका बयर र सुदामाका कनिकामा जतिको मिठास नभए पनि केही श्रवणीयता तिमीले पाउने छौ ।

तिम्रो सेवाकै निम्ति बाँच्न चाहने

किंकर– 'केशवशरण'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभ--आशवासन

जो मप्रति एक पटक समर्पित भएको छ, जसले मलाई "स तिम्रो हुँ" भनी स्वीकारेको छ र जो केही चाहँदा पनि मैवाट मात्र चाहन्छ त्यसता भक्तलाई सधैंतिरबाट अभय प्रदान गर्दछु यही मेरो दृढ व्रत छ ।

— भगवान श्रीराम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानवमात्रको परम धर्म

एतावानेव लोकेऽस्मिन् पुंसां धर्मः परः स्मृतः।
एकान्तभक्ति गोविन्दे यत् सर्वत्र तदीक्षणम् ।।

यस लोकमा भगवान् श्री गोविन्दमा अनन्य भक्ति राख्नु तथा जीवनका प्रत्येक पहलुमा र सृष्टिको प्रत्येक अङ्गमा उहाँकै दर्शन र अनुभूति गर्नु नै मानव-मात्रको परम धर्म हो ।

–महर्षि वेदव्यास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प एक

जय गणनायक विघ्नविनाशक
ऋद्धिसिद्धिका स्वामी ।
निर्मल ज्ञान भिलोस् भनी प्रभुमा
विन्ती गर्छौं हामी ।। जय. ।।

विघ्नेश्वर हे मङ्गलकारी
भक्तहरूका त्राता ।
बाधा बन्धन दूर गराऊ
प्रभु हे शान्तिप्रदाता ।। जय ।।

गौरीनन्दन भवभयभञ्जन
एकदन्त हितकारी ।
जीवन पूर्ण बनोस् प्रभु हाम्रो
कल्मष सब पर सारी ।। जय. ।।

मोदक प्रिय लम्बोदर भगवन्
आदिदेव सुखकारी ।
सद्गुणको शुभ ज्योति जगाऊ
मन यो निर्मल पारी ।। जय. ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प दुई

अर्पित छौं प्रभु तिम्रै पदमा जन्मजन्मका किंकर हामी ।
तिम्रै सेवा मागिरहेंछौं जन्मजन्मका सेवक हामी ।।
जलचर थलचर नभचर सबको भाषा भिन्न छ तिम्रै नाम
रवि शशी, पृथिवी सागर सबले इङ्गित गर्छन् तिम्रै धाम
हे विश्वम्भर ! विश्वनिवासी गर करुणा हे अन्तर्यामी
याचक छौं तिम्रै पदरजका युगयुगका परिचारक हाम्रो।।
दया, अहिंसा, संयम हाम्रो जीवनको सर्वस्व धनोस्
त्याग, तपस्या, सत्य सङ्गाली छिनछिन हाम्रो आयु बितोस्।
विश्व सबै यो तिम्रै मन्दिर देख्न सकौं हे त्रिभुवनस्वामी
माग्छौं तिम्रै अमर प्रेमको भिक्षा हे जगदीश्वर हामी ।।
तिम्रै महिमा सम्झी सम्झी मानसको चिर प्यास हटोस्
तिम्रै महिमा गाई गाई जीवनको सौभाग्य खिलोस्
तिम्रै परिचर्याको निम्ति तनमन अर्पी आयौं हामी
हे विश्वात्मा ! पर्यौं शरणमा जन्म जन्मका किंकर हामी ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प तीन

जता हेर्छु उतै भगवन् ! तिमी छौ व्याप्त कणकणमा
तिमी नै हाँवतछौ जीवन बसी यो प्राण औ मनमा ।।
म तिम्रो पाउको धूलो उठाऊ या यसै छोड
छु तिम्रो स्नेहको प्यासी यो नाता राख या तोड ।। जता ।।
म यौटा यन्त्र हुँ तिम्रो म तिम्रै शक्तिले चल्छु
उघारो दीप भै भवमा म तिम्रै ज्योतिले बल्छु ।।जता
कसोरी भन्नु यो मैले म आफै शक्तिशाली छु
उघारे सत्यको पर्दा म आफैभित्र खाली छु ।।जता।।
म जस्तो छु सबै बुझ्ने तिमीनै एक साक्षी छौ
चढाएँ जिन्दगी आई समाऊ या उदासी हौ ।।जता।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प चार

प्रभुविन जीवन भो निष्प्राण ।
बुद्धि बल वैभव भो फीका निष्फल भो सब ज्ञान ।।
वाटो हेरी पखिरहेंछु नयन भए बेकाम
प्राणपखेरू आकुल मेरा जगत भयो सुनसान ।।प्रभुविन।।
पलपल तप्त गराइरहन्छ विरहानल बलवान
हालत जलबिन मीन सरीको कसरि भेटुँ भगवान्।।प्रभुविन।।
चित्त हुन्छ अति व्याकुल मेरो सुन्दा प्रभु गुणगान
नयन दुवै छन् नित्य भिजेका हेर्न त्यो रूप महान् ।।प्रभुविन।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प पाँच

ऋङ्गै आउ हे भगवान् !

ज्ञान–भक्ति सेवाविन हुन गो जीवन शून्यसमान ।।

ममतामय यो तमले ढाकी जीवन जो सुनसान

आउ प्रभो ! अब मार्ग बताऊ बन्दै ज्योति महान् ।।ऋङ्गै ।।

तिम्रो व्यापक गरिमालाई गर्न सकूँ सम्मान

निर्मल गर अब अन्तरपट यो नाश गरी अभिमान ।।ऋङ्गै ।।

तिम्रै पथको दृढ्वा बन्ने देऊ पावन ज्ञान

छिनछिन तिम्रै स्मृतिमा लागी जीवन होस् वरदान।।ऋङ्गै ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प छ

प्रभुजी ! देउ भक्ति मलाई ।
दीनदुखीको सेवा हरदम गर्न सकूँ मनलाई
पल पल जीवन करुणामय होस् परसेवामा आई
आफु स्वयं पनि मुक्त बनूँ प्रभु अरूको मुक्ति गराई।।प्रभूजी
तिम्रै मन्दिर हो यो दुनियाँ को छ र यहाँ पराई
प्राणिमात्रको गरूँ म सेवा संझी प्यारा भाई ।। प्रभुजो
तिम्रै रूप म देख्न सकूँ प्रभु दीनदुखी सबलाई
प्रभुकै सेवा सुधा पिएर बाँच्न सकूँ म रमाई ।। प्रभुजी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प सात

श्रीराम जय राम जय जय राम
जय रघुनन्दन जय घनश्याम
जय अघभञ्जन जय अभिराम ।। श्रीराम ।।
कौशल्या–सुख–वर्धन राम
दानव–गर्व–विमर्दन–राम ।। श्रीराम ।।
जनक–सुता–कृत–भूषण राम
समर–निहत–खरदूषण राम ।। श्रीराम ।।
जलधिमथन–धृत–मन्दर राम
समर–समित–दशकन्धर राम ।। श्रीराम ।।
गिरिश–शरासन–भञ्जक राम
शरणागत–जन–रञ्जक–राम ।। श्रीराम ।।
मानव–संस्कृति–पोषक राम
मुनिजन–मानस–तोषक राम ।। श्रीराम ।।
प्रेम–सत्य–करुणामय राम
अशरण–दीन जनाश्रय राम ।। श्रीराम ।।
न्याय–धर्म–धृत–जीवन राम
पीडित–जन–सञ्जीवन राम ।। श्रीराम ।।
दीन–पतित–सन्तारक राम
कलिकल्मष संहारक राम ।। श्रीराम ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प आठ

मनमा रामको रङ्ग लाग्यो ।
सब्बतिर छर्दै दिव्य उज्यालो सुप्त चेतना जाग्यो ।।

जुन दिन मनले अरू रस त्यागी राम–प्रेमरस माग्यो
त्यस दिनदेखि जगको आशा भवको भय सब भाग्यो।।मनमा

बाहिर सुखको खोजी गर्ने चाल चित्तले त्याग्यो
विन्दु सिन्धुको मर्म बुझी मन रामनामतिर लाग्यो।।मनमा

क्षणभंगुर यो सुन्दरताको सीमा मनले नाघ्यो
अविनाशीको रूप अगाडि अरू सब फीका लाग्यो।।मनमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प नौ

गर मन राम भजन सुखदायी ।
सब साधनहरू पावन बन्छन्, राम प्रेमरस पाई ।
श्रुतिको सार छ, शान्तिभण्डार छ, सम्झे प्रभुपदलाई
दीन अकिञ्चन सबको तारक प्रभुनाम छ फलदायी।।गर मन।
जति सुख पायौ कल्पकल्पमा लोकलोकमा धाई ।
रामभक्तिको रसको सामु जान्छन् सब अस्ताई।।गर मन।।
बाहिर नाना रूपहरू छन् भुल्छौ थाह नपाई ।
अन्तरको पट खोल्दा सबमा हाँस्छन् राम रमाई।।गर मन।।
जे जति भेट्छौ साथ जगतमा छन् सब ती अस्थायी ।
आखिर सबले तर्नु छ भव यो प्रभुकै चरण समाई।।गर मन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प दश

ब्रजमा घरघर बज्यो वधाई ।
नन्दभवनमा कृष्ण उदाए सबमा हर्ष फिजाई ।।
शिव ब्रह्मादिक शुक सनकादिक सुरमुनिहरू रमाई
सुमन छरीछरी गाउनलागे कृष्णकीर्ति सुखदायी ।। ब्रजमा०
विप्रदेवहरू वेदमन्त्रले दश दिशा गुञ्जाई
आशिक दिन लागे शुभमनले महिमा विविध बताई।। ब्रजमा०
गोपगोपिका मुदित हृदयले गोधन अगो लगाई
नन्दभवनतिर धाउन लागे सब शृङ्गार सजाई ।। ब्रजमा०
नरनारी सब जय जय भन्दै शुभ उपहार चढाई
गाउन लागे सुयश मनोहर भाव अनेक बनाई ।। ब्रजमा०
नन्दयशोदा गद्गद बन्दै दीनदुखी सबलाई
अर्पिन लागे दान थरीथरी सब संकोच फुकाई ।। ब्रजमा०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृष्ण एघार

मथुराको त्यो वैभव छाडी गोकुल गाउँ रचाए
ग्रामनिवासी नरनारीमा जीवनज्योति जगाए ।।
शिशुलीलाका मुग्ध भावले सबमा स्नेह जगाए
मनप्राणमा व्रजवासीको परमानन्द जगाए ।।
दिव्यशक्तिको स्वयं पुञ्जभै आसुरभाव हटाए
आकर्षणको केन्द्र बनीकन व्रजमा कृष्ण उदाए ।। मथुरा०
कर्मयोगको मन्त्र सुनाई गोपालनको महिमा गाई
गोरसप्रतिको भाव जगाई नवजीवन ब्यूँझाए ।।
कलापूर्ण जीवनको शैली मानवलाई चिनाए ।
स्वयं बनी गोपाल अनौठा व्रजमा कृष्ण उदाए ।। मथुरा०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प बान्ह

मुरलीधारो भक्तभयहारी बार बार प्रभु ! वन्दना
नटवर नागर करुणासागर बार बार प्रभु ! वन्दना ।।
ज्ञानहीन भै तड्पिरहेछौं हे प्रभु ! यो जनजीवनमा
गीतामृतको बर्षा गर्दै आउ देउ शुभ चेतना
ज्ञानप्रदायक दीनसहायक बार बार प्रभु! वन्दना ।।मुरलो
अर्जुनको रथ प्रभुले हाँक्यौ कति कति भक्तप्रतिज्ञा राख्यौ
पतितपावन नाम सम्हालो गर करुणा शरणागतमा
हे नन्द नन्दन अवभयभञ्जन बार बार प्रभु ! वन्दना।। मुरली
भवजलधिमा डूविरहेछौंप्रभुपदपङ्कज भूलिरहेछौं
जीवन–वनमा रोइरहेछौं आउ देउ शुभ सान्त्वना
कलिमलहारी हेगिरिधारी! बार बार प्रभु! वन्दना।।मुरली
तृषित नयन यी कल्पिरहेछन् युगयुगदेखिन् पग्लिरहेछन्
आउ न आउ शान्ति दिलाऊ सुनिदेउ अब प्रभु ! याचना
हे करूणाकर! हेयोगेश्वर ! बार बार प्रभु ! वन्दना।।मुरली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प तेह्र

हे मन ! भज श्रीकृष्ण मुरारि ।
यो भवतापित मनको एउटै कृष्णकृपा छ छहारी ।।
जति यो भवमा वैभव पायौ आखिर हुन्न नछाडी ।
अनन्ततार्कै पथमा केवल हरिनाम छ हितकारी ।। हे मन
अरू सब साधन छाडी हरिकै होऊ प्रेमभिखारी ।
कृष्णनामकै नाउ चढी तिमी पुग्ने छौ भवपारी ।।हे मन
करुणामय छन् माधव मोहन निष्छल प्रेम पुजारी ।
पतितहरूका तारक केवल प्रभु हुन् भवभयहारी ।। हे मन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प चौध

बजाऊ प्रेमको वंशी सुनाऊ मन्त्र त्यो कुन हो
तिमीमै आउने मोहन ! बताऊ साधना कुन हो ।।
कसोरी आउँला भगवन् ! म आफ्न यत्नको बलमा
यो जस्मै जिन्दगी मेरो छ तिम्रै स्नेहको भरमा।। बजाऊ
न ता भो योग जीवनमा नता भो भक्ति यो मनमा
चरणकै आश हे गिरिधर ! छ मेरो भित्र अन्तरमा ।।
म नाचें मस्त भै युगयुग नचायौ नाच जे जस्तो
फलाशा छैन क्यै नटवर ! बनाई राख जे जस्तो ।।बजाऊ
अरू चाहे जती पाऊँ सबै रित्तो छ यो जीवन
प्रभो! तिम्रो कृपा पाए हुनेछन् पूर्ण यी कणकण ।।बजाऊ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प पन्छ

जब बज्दछ मुरली मोहनको ॐकृत बन्छन् मनकातार।
चेतनताको लहरी चल्दछ खोली नवसिर्जनको द्वार।।
मुरलीको अति सुरिलो सुरमा झुम्छन् सुर नर मुनि सारा।
प्रकृति स्वयं पनि छमछम नाच्छिन् छदँ नपुरको झनकार।।
नेत्र बन्द गरी खगमृग बन्छन् ध्यानमग्न वन उपवनमा।
रोमाञ्चित बन्छन् तरु लहरा सर्रसर्र छरी पुष्प बहार ।।
अंग अंगमा नवजीवनको खुल्दछ शोभा सृष्टिभरी ।
जडहरूमा पनि जडता भागी चिन्मयता ब्यूँझिन्छ अपार।।
द्वेष घृणाको कुहिरो फार्दै विकृतिहरूमा विजय गरी ।
मानव मनले सुन्दरताको दिन्छ सृष्टिमा नव उपहार ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प सोह्र

भगवान श्री कृष्णको सन्देश

छ मेरो भावको वंशी म भावै भावमा बस्छु
उज्यालो चेतना ब्यूँझोस् युगैपिच्छे म चाहन्छु ।। छ मेरो०
अँध्यारो आसुरी मैलो हटाई नित्य यो भवमा
लिई यै वाँसुरी रच्छु म चोखो सृष्टिको रचना ।।छ मेरो०
जहाँ भो भावना सुन्दर त्यहीं जन्मिन्छ सुन्दरता
त्यसैले बज्छ यो मुरली हटाई सृष्टिको जडता ।।छ मेरो०
नठाने वाँसको टुक्रो सखे ! यो वाँसुरीलाई
यसैको शक्तिले दिन्छु सहारा यो जगत्लाई ।। छ मेरो०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प सत्र

भगवान् श्रीकृष्णको सन्देश

म छु सद्भावको प्यासी म चोखो चित्तमा बस्छु ।
छ जसको भावना निर्मल तिनैको प्रेममा रम्छु ।।

हटाई मोहको मैलो खुलाई ज्ञान अन्तरमा ।
मलाई चिन्दछन् जसले सुखी ती बन्दछन् भवमा।।

म यौटै सत्यमा फुर्छु गरी नानाथरी रचना ।
हजारौं रूप छन् मेरा म नै झल्कन्छु ती सबमा ।।

मलाई हेर्न यी आँखा हुँदैनन् पूर्ण अवलम्बन ।
मलाई भेट्दछन् तिनले छ जसमा सत्यको साधन।।

कुनै भन्छन् सगुण ठूलो कुनै छन् मस्त छ निर्गुणमा।
दुवैको साधना मेमा पुगेको हुन्छ आखिरमा ।।

जहाँ भो भेदको दृष्टि त्यहाँ टुक्रिन्छ मानवता ।
म [illegible] पोस् सबैमा दिव्य बान्धवता ।।

[illegible] र्ण मन मेरो [illegible] भावको तहमा।
[illegible] [illegible] वै गरिमा ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प अठार

भगवान श्री कृष्णको शब्देश

छ कर्म कर्मसय जीवन म कर्मैकर्ममा रम्छु
स्वयं नै कर्मयोगी भै युगौं युग विश्वमा घुम्छु
जहाँ निष्कामता राखी डटेका कर्मयोगी छन्
त्यहीं भनिन्छु वैभवका नघट्ने सौख्यका साधन
जहाँ आलस्यले छोप्यो त्यहीं उब्जिन्छ निर्धनता
त्यसैले कर्मकै बलले म हर्छु विश्वको जडता
कुनै चाहे बनुन् योगी हिंडुन् वा ज्ञानको पथमा
जहाँ देखिन्छ उन्नति त्यो छ कर्मैकर्मको रचना ।।
भलाई भेट्न चाहेमा छ कर्म एक अवलम्बन
तिनैको हुन्छ यो सृष्टि छ जस्को कर्ममय तनमन
जती यो विश्वमा चम्के उठे ती कर्मकै बलमा
भलाई कर्मकै पूजा छ प्यारो साधनापथमा ।।
स्वयंको कर्मकौशलले सबैको भाग्य चम्कन्छ
छरो सत्कर्मको सौरभ [illegible]
तिभीभित्रै छ [illegible]
तिभी एक्ला कहा [illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प उन्नाइस

श्रीकृष्णः शरणं मम ।
जीवजगत्को आश्रय यै हो श्रीकृष्णः शरणं मम ।।
जबजब जर्जर बन्दछ जीवन कर्मशक्ति सब क्षीण भई
जबजब दुःखित बन्छौ मानव वैभव बलले हीन भई
कर्मयोगको मन्त्र लिई भन श्रीकृष्णः शरणं मम ।। श्रीकृष्णः
सत्य धर्मको अवहेलन भै जब निष्ठुरता फैलिन्छ
सुन्दरताको सिर्जन गर्ने भाव यहाँ जब मैलिन्छ
करुणामय भै नित्य तिमी भन श्रीकृष्णः शरणं मम।।श्रीकृष्ण
विषम भावना बढ्न गई जब शान्तिचेतना वैलिन्छ
भेददृष्टिको तमले मानव मोहजालमा जेलिन्छ
निश्छल मनले शान्त भई भन श्रीकृष्णः शरणं मम।।श्रीकृष्णः
जब सङ्कटका बादल आई अन्धकार छरिदिन्छन्
शङ्का संशय दुविधा आई मन आन्दोलित गरिदिन्छन्
गीतामृतको पान गरी भन श्रीकृष्णः शरणं मम ।।श्रीकृष्णः



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प बीस

माता ! निर्मल गर मन मेरो ।
करुणा गरी विशाल बनाऊ शुभचिन्तनको घेरो ।।
तन होस् अथवा मन यो आमा ! सिर्जन सब हो तिम्रो
कृतज्ञताको ज्योति जगाई दूर हटाऊ अँध्येरो ।।माता
भवको वैभव सब हो तिम्रै मेरो के छ चढाउँ ।
घोटै रूखो भेटि छ लेऊ मनको तेरो–मेरो ।। माता
सृष्टि छ साझा सबमा तिम्रै बग्छ स्नेहको धारा ।।
आपनैपनले हेर्न सकूँ यो जगको सेरोफेरो ।। माता
सुख होस् वा दुख सबमा तिम्रै स्नेह प्रसादी पाउँ
मनमन्दिर यो उज्वल पारी हर भवबन्धन मेरो ।।माता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प एक्काइस

दुर्गे ! जीवनज्योति जगाऊ ।
जन्मजन्मको मनको मैलो जननी ! दूर भगाऊ ।।
करुणामय यो सृष्टि छ भन्ने अनुभव पूर्ण गराऊ ।
रागद्वेषको कलुष हटाई प्रेमप्रवाह बगाऊ ।। दुर्गे०
सेवारसको उज्ज्वलताले यो मनप्राण सजाऊ ।
अन्तर वीणा झङ्कृत पारी जीवन–धून बजाऊ ।। दुर्गे०
जानिन आफैं लम्किन मैले आई हात समाऊ ।
जीवनपुष्प चढाउँछु आमा ! स्नेह दिई अपनाऊ ।। दुर्गे०



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प बाईस

अब यस्तो करुणा गर आमा ! तनमन सबै चढाउँ
तिम्रै यो वरदान म तिम्रै सेवा निम्ति लगाउँ ।।अब यस्तो
मानव भैकन यस धरतीमा ज्यूने अवसर पाएँ ।
तीन लोकको वैभवभन्दा ठूलो संपत्ति पाएँ ।
विनयनम्र भै नित्य तिमीमा यो मनप्राण झुकाउँ
तिरीनसक्नु ऋण यो तिम्रो सेवक भै म चुकाउँ ।।अब यस्तो
अहङ्कारको मैलो पर्दा कहिल्यै सामु नआओस्
निष्ठुरताको मदले आमा ! बाटो छल्न नपाओस्
सृष्टिभरीको तिम्रो ममता सजिलै चिन्न म पाउँ
स्नेहमयीको स्नेह प्रसादी सबको निम्ति पुऱ्याउँ ।।अब यस्तो
अन्धकारले जब जब आई जीवनपथ धमिल्यायो
तब तब तिम्रै दिव्य उज्यालो यस जीवनले पायो
युग युग यो उपकार नबिर्सोस् त्यस्तो शक्ति म पाउँ
तिम्रो यन्त्र बनी अब आमा! तिम्रै ज्योति फिजाउँ।।अबयस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu.

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प तेइस

जय दुर्गे! दुर्गतिपरिहारिणि!
दुःखनिवारिणि ! जय भवतारिणि !।।
जय करुणामयि ! विश्वविधायिनि
विद्यारूपिणि ! बुद्धिप्रदायिनि
हर अभिमान र मदको बन्धन
ज्ञान देऊ हे विश्वविहारिणि!।। जय दुर्गे०।।
तामसहारिणि ! दैत्यविदारिणि !
मानसचारिणि ! मुक्तिविकासिनि !
विकृतिहरूमा विजय गराऊ
शक्तिस्वरूपा हे भयहारिणि ।। जय दुर्गे० ।।
आसुरभावविनाशिनि ! अम्बे !
भावप्रकाशिनि ! जगत्शरण्ये !
सबको मनमा विनय जगाउ
शान्ति देऊ हे मङ्गलकारिणि ।। जय दुर्गे० ।।
[illegible]
[illegible]
[illegible]ता !।। जय दुर्गे० ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प चौबीस

दयारूपिणि! अम्बिके ! दृष्टि देऊ
ममा नित्य सद्भावको सृष्टि देउ
स्वयं मार्ग रोजूँ ममा शक्ति छैन
तिमी सम्म पुग्ने ममा भक्ति छैन
स्वयं नै कृपाले मलाई उठाऊ
मुमा ! श्रेयको मार्ग आफैं बताउ ।। दया० ।।

जता हेर्दछु शक्ति तिम्रै छ आमा !
छ तिम्रै कला व्याप्त यो सिर्जनामा
विना अर्थ मै हूँ भनी जो म भन्छु
अहङ्कार यो नाशि देऊ विन्ति गर्छु ।। दया० ।।
सबैमा कृपा नित्य तिम्रो बहन्छ
सबै सृष्टिले मुक्ति नै मुक्ति दिन्छ
म अज्ञानले बद्ध बन्छू भुलेर
छुटाऊ मुमा ! ज्ञान आफैं दिएर ।। दया० ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प पच्चीस

दुर्गतिनाशिनी दुर्गा जय जय
कालविनाशिनी काली जय जय ।।
दानवमर्दिनी विजया जय जय
वैभववर्धिनी कमला जय जय
सृष्टिमयी ब्रह्माणी जय जय
शक्तिप्रदा रुद्राणी जय जय ।। दुर्गतिनाशिनी० ।।
ज्ञानप्रदायिनी वरदा जय जय
शान्तिविधायिनी शुभदा जय जय
करुणामयी कौमारी जय जय
धर्मरूपिणी ललिता जय जय ।। दुर्गतिनाशिनी० ।।
शीलस्वरूपा सीता जय जय
भावमयी श्रीराधा जय जय
सद्गुणदायिनी विमला जय जय
मङ्गलकारिणी गिरिजा जय जय।।दुर्गतिनाशिनी०।।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प छब्बीस

जय दुर्गे दुर्गतिपरिहारिणि
असुरसंहारिणि मात : भवानि ।।
पतितोद्धारिणि मातः भवानि ।। जय दुर्गे०
अभयप्रदायिनि मातः भवानि
शान्तिविधायिनि मातः भवानि ।। जय दुर्गे०
बुद्धिविकासिनि मातः भवानि
ज्ञानप्रकाशिनि मातः भवानि ।। जय दुर्गे०
दयास्वरूपिणि मातः भवानि
दुःखनिवारिणि मातः भवानि ।। जय दुर्गे०
शक्तिप्रदायिनि मातः भवानि
भक्तिप्रदायिनि मातः भवानि ।। जय दुर्गे०
मातृस्वरूपिणि मातः भवानि
शान्तिस्वरूपिणि मातः भवानि ।। जय दुर्गे०



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प सत्ताइस

आए श्री शिव शंकर भोला
मनमन्दिरमा आए ।
नाचि नाचि शुभ ताण्डव रच्दै
डिमि डिमि डमरू बजाए ।। आए श्री० ।।
छम छमछम छम घुङुरु बजाई
गौरी नाचिन् सुरमा ।
नन्दी नाचे गणपति नाचे
नाचे कुमार संगमा ।। आए श्री० ।।
झरर झरर गङ्गाद्वारा
सब तिर पावन पारी ।
सबको मनमा ज्ञान जगाए
तेस्रो नेत्र उघारी ।। आए श्री० ।।
चन्द्रकिरणको शीतलताले
सबमा शान्ति दिलाए ।
[illegible]
[illegible] पूर्ण मन [illegible] ी० ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नागविभूषण–बाघाम्बरले
निर्भयता अब ल्याए
प्रेमभक्ति वरदान दिईकन
आफ्नै पथिक बनाए ।। आए श्री०
अनहदको झनकार सुनाई
अन्तरज्योति खुलाए
त्रिविध तापको नाश गराई
दिव्य त्रिशूल चलाए ।। आए श्री० ।।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प अठ्ठाइस

श्रीवाग्वती–सलिलसिक्तजटाकलापम्
गौरीनिरन्तरविभूषितवामभागम् ।।
चन्द्रार्कबन्हिनयनान्वितपञ्चवक्त्रम्
वन्दे प्रभुं पशुपतिं शिरसा नतेन ।।
जय शंभो जय शंभो शंभो जय शंभो कैलासपते
हर शिव शङ्कर जय अभयङ्कर मदनान्तक हे उमापते।।
सब प्राणीका मङ्गलदाता
शरणागतका भाग्यविधाता
हिमगिरिवासी ज्ञानप्रकाशी
जगदीश्वर गिरिजापते ।। जय शंभो
श्रुतिहरू प्रभुकै महिमा गाई
वन्छन् मङ्गल ज्ञान फिजाई
हे शशिशेखर! जय अखिलेश्वर !
मङ्गलमय ! हे जगत्पते! ।। जय शंभो



पूर्ण मन मन्
क !
! ।। जय शंभो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प उनन्तीस

हे शिवशङ्कर! हे त्रिपुरारि !
देऊ प्रभो! अब चरणछहारी ।।
विकृतिहरूको जाल अँध्यारो ज्ञानज्योतिले गरी संहार
निर्मल मनको शान्त कुटीमा चल्दछ प्रभुको नित्य विहार
हे दुःखभञ्जन! हे जनरञ्जन जीवमात्रका! मङ्गलकारी ।
तिम्रै पदको पथिक बनाऊ ज्ञानरूप शुभ नेत्र उघारी।। हे शिव
मनमन्दिरमा डमरु बजाऊ समताको शुभ वृष्टि गरी
जीवनवनमा ताण्डव रच लौ मधुर ताल लय सृष्टि गरी
हे लीलामय! नित्यनिरञ्जन ! फणिभूषण बाघाम्बरधारी
मनको तामस शीघ्र हटाऊ अन्तरको पट उज्ज्वलपारी।।हे शिव
जीवनपथको कण्टकमय यो यात्रा अति नै कठिन भयो
तिम्रो मन्दिर पुग्ने साहस अब त कृपालो! शिथिल भयो
हे गङ्गाधर! हे शशिशेखर! दीनहरूका हे उपकारी !
शक्ति देऊ प्रभु! तिमीमा पुग्ने भक्तहरूका हे भयहारी! हे शिव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प तीस

ॐ जय शिव शङ्कर शंभो जय गिरिजाधीश
जय जय करुणासागर पशुपति जगदीश ।। ॐ हर हर
गिरि कैलाश निवास छ गण छन् सहचारी
मुण्डमाला छ गलामा रूप छ भयहारी।। ॐ हर हर
डमरु त्रिशूल सुशोभित प्रभुका दुइ करमा
भूषण नाग विराजित बाघाम्बर तनमा ।। ॐ हर हर
भस्म विलेपन सुन्दर शिरमा चन्द्रकला
कलकल बग्छिन् हरदम गङ्गा पुण्यजला ।। ॐ हर हर
तीन नयनमा थरिथरि ज्योति छ दिव्य सदा
वाहन वृषभ मनोहर संगमा छिन् गिरिजा ।। ॐ हर हर
ब्रह्मा विष्णु महेश्वर प्रभुका रूप सबै
सृष्टि स्थिति लय सब हुन् शुभ लीला प्रभुकै ।। ॐ हर हर
सुर नर मुनि सब प्रभुकै निशिदिन ध्यान गरी
परमानन्दमगन भै जान्छन् पार तरी।। ॐ हर हर
वेद पुराण [illegible] सबको वर्णनमा
[illegible] त्रिभुवनमा ।। ॐ हर हर
[illegible] मन [illegible] कारी
[illegible] त्रिपुरारि ।। ॐ हर हर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प एकतीस

धर्मजगत्को आवाहनमा हे ईश्वर ! अब आऊ ।
शान्ति सुधा अब ल्याऊ ।।
कर्मशक्तिको जागृति ल्याई नव निर्माण गराऊ ।।
सत्य धर्मको पालक बन्ने निर्मल भाव उमारी
आत्मविजयको सुन्दर बत्तले यो मनप्राण सिंगारी ।
सिङ्गो जीवन फेला पार्ने चिन्मय मार्ग चिनाऊ ।। हे ईश्वर०
विकृतिहरूको कालो सैलो जीवनबाट हटाई
कुण्ठित पनको सीमा घेरा चिन्तनबाट छुटाई ।
मानवताको रक्षा गर्ने दृढ संकल्प जगाऊ ।। हे ईश्वर०
अहंकारको जालो फाली सेवाभाव जगाऊ ।
द्वेषघृणाको कुहिरो फारी सबमा प्रेम जगाऊ
यस धर्तीको गौरव राख्ने सुन्दरता अब ल्याऊ ।। हे ईश्वर०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu.

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प बत्तीस

जगदीश्वर अब शक्ति देऊ ।
मानवमनको तिमिर नफाली जगत उज्यालो बन्दैन
मानव आफैं निर्मल नबनी बाह्य मलिनता हट्दैन ।।
संझौ जीवन–लक्ष्य प्रभो! अब प्राण प्राणमा भक्ति देऊ।।जग०
हाम्रा सबल भुजामा हरिको कर्मचेतना चम्किरहोस्
हाम्रा निर्भय कदमहरूमा सत्य अहिंसा गम्किरहोस्
व्युँझौं संयमशक्ति लिई अब श्वास–श्वासमा मुक्ति देऊ।।जग०
चरित्रबलको पूजा गर्ने मानवताको दृष्टि देऊ
सत्य–धर्मको पालन गर्ने सुन्दरताको सृष्टि देऊ
जागोस् यो शिवदेश प्रभो ! अब पावन बन्ने जुक्ति देऊ ।। जग०

जगदीश्वर अब शक्ति देऊ
प्राण–प्राणमा भक्ति देऊ
श्वास–श्वासमा मुक्ति देऊ
पावन बन्ने जुक्ति देऊ ।। जगदीश्वर



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प तेत्तीस

बताऊ प्रभो ! सृष्टिको तत्त्व आई ।
बुझाऊ हरे ! साधना ली मलाई ।।
जगन्नाथ ! तिम्रै कृपादृष्टि पाई
म आएँ प्रभो हेर्न यो सृष्टिलाई
तिमी छौ जगत्भित्र भन्ने नबुझ्दा
म अल्झेरहें बाहिरै दङ्ग पर्दा ।। बताऊ
न ता दीनताको कहीं मर्म जानें
अरूलाई बिर्सी म आफैं छु ठानें
सबै भित्रका नाथलाई नचिन्दा
रचें आफु भित्रै स्वयं एक फन्दा ।। बताऊ
म तिम्रो कृपाको प्रभो ! एक प्यासी
कति वन्न खोज्छौ समाधि उदासी
तिमीलाई भन्छन् सबै भक्तवत्सल
लिई यै भरोसा बिती रैछ पल पल ।। बताऊ
न ता भक्ति नै भो न ता [illegible]
जति भो जगत्मा झुटो [illegible]
हराएँ विलाएँ म थ[illegible]
उठाऊ प्रभो ! हात मेरो [illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu.

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प चौतीस

बचाऊ हे दयासागर ! विपद्को यो दशाबाट
उठाऊ ! दीनताको यो नटुट्ने शृङ्खलाबाट ।।
न नाथका पाउको बाहेक अरूको कयै भरोसा छ
परेका छौं शरण हरदम पुकारा नै सहारा छ ।। बचाऊ
जहाँ जस्तो पन्यो संकट उठायौ नाथले आई
प्रभुको त्यो शरण त्यागी हरे जाऔं कहाँ धाई ।। बचाऊ
न कैल्यै तृप्ति जीवनमा न भेट्याँ पूर्णता मनमा
अधूरो भै सबै जीवन बितेझैं लाग्छ छिनछिनमा ।।बचाऊ
प्रभो ! आऊ कृपा राखी बचाऊ लाज हे स्वामी !
न पाए नाथको करुणा यसै डुब्ने भयौं हामी ।। बचाऊ



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प पैंतीस

भगवन् ! दर्शन कसरि म पाउँ।
सबतिर तिम्रै वास म देख्छु मन्दिर कसरि ठम्याउँ ।।
भुवन–बगैंचाका प्रभु माली कस्तो फूल चढाउँ
सबतिर तिम्रै सौरभ चल्दछ धूप नयाँ कुन ल्याउँ ।।भगवन्
सब हो तिम्रो के छ र मेरो प्रभुमा भोग लगाउँ
ज्योतिर्मयकै ज्योति छ सबतिर आरती के म सजाउँ।।भगवन्
सबतिर तिम्रै स्नेह छ बग्दै तीर्थ नयाँ कुन धाउँ
तीर्थहरूका तीर्थ स्वयं छौ के अभिषेक गराउँ ।।भगवन्
साधनद्वारा प्रभुमा पुग्ने छैन कतैतिर ठाउँ
अरू क्यै छैन उपाय प्रभो ! अब शरण चरणमै पाउँ ।।भगवन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प छत्तीस

विश्वम्भर ! हे करुणाराशि
प्रभु हौ अजर अमर अविनाशी
चरणकमलमा शिर निहुराई
विन्ती गर्छौं चित्त लगाई ।।

जलमा थलमा नभमण्डलमा
सब प्राणीका अन्तस्तलमा
प्रभु नै व्यापक छौ कण–कणमा
देऊ भक्ति प्रभु ! सबको मनमा ।।

अहङ्कारको दुर्गुण फाली
मन–उपवनका सच्चा माली
वन्दै सद्गुण–फूल फुलाऔं
प्रभुकै पदमा तनमन लाऔं ।।

तिम्रै दर्शन सबमा पाई
दीन दुःखीमा स्नेह जगाई
[illegible] पर उपकारी
[illegible] चविहारी! ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प सैंतीस

कहिले आउँछ त्यो शुभ बेला ।
अरू सब छाडी हरिकै पदको मनले आश्रय लेला ।।
जप्दै हरिको नाम अहर्निश रसनाले रस लेला
पल पल प्रभु कै दर्शन प्यासी नयनयुगल भेदेला ।। कहिले
वाहिरका सब रूपहरूमा देख्दै प्रभुकै खेला
सवतिर हरिकै दर्शन पाई छुट्ला अरू प्रति हेला ।। कहिले
पथको शीतल छाया बन्ला भक्तहरूको भेला
हरिसेवाकै अङ्ग ठहर्ला भवको कष्ट झमेला ।। कहिले



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प अठ्तीस

बिराएँ मार्ग हे भगवन् ! हराएँ बीच बाटामा ।
सहरा देऊ जगदीश्वर! खुलाई ज्योति आँखामा ।।
लिनूथ्यो जो त्यही त्यागें लिएँ त्यो जो थियो बाधक
नलागी सत्यको बाटो बनेछु झूठको साधक ।। बिराएँ
कमाएँ जे जती जम्मै छिनैमा अल्पिई जाने
गुमाएँछु अमर धन त्यो युगौंयुग साथमा जाने ।। बिराएँ
हटाऊ नाथ उल्टोपन बनोस् अनुकूल यो जीवन
सहारा देऊ पदरजको चुँडाली देऊ भवबन्धन ।। बिराएँ
जटायु भिल्ल सबरी औ अजामिलको गऱ्यौ तारण
अवश्यै विसंने छैनौं छ आशा हे पतितपावन! ।। बिराएँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प उनन्चालीस

दयाको के गरूँ वर्णन प्रभो ! त्यो शब्द नै छैन
झुकाएँ पाउमा मस्तक अरू क्यै योग्यता छैन ।
दिई यो जिन्दगी सुन्दर दिलायौ मुक्तिको ढोका
रची वेहोशमै बन्धन म आफैं भैदिएँ धोका ।। दयाको
न क्यै सेवा गरें मैले बनी निष्काम क्वै दिनमा
जहाँ धाएँ सधैं मागें पसारी हात छिन छिनमा ।। दयाको
तिमीलाई प्रभो ! बिर्सी रमाएँ मस्त भै भवमा
म जस्तै निर्विवेकी हुँ तिमी गर्छौं सधैं करुणा ।। दयाको
ऋणी छु नाथ ! युगयुगको मलाई लेऊ सेवामा
अरू कसको बनूँ सेवक छ तिम्रै यो सबै रचना ।। दयाको



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प चालीस

मानव! जीवनको बुझ सार ।
जन्म मृत्यु हुन् जीवनपथका दुवै अभिन्न किनार ।।
सेवा नै हो पूजा प्रभुको धर्म छ परोपकार
प्रेम र करुणा राख हृदयमा लिई पवित्र विचार ।। मानव

महापुरुष जति भए जगत्मा राखी सत्य विचार
त्याग तपस्या नै हो तिनको जीवनको शुभ सार ।।मानव

सेवा जनको गरी अमरता लेऊ यही छ पुकार
विश्वम्भरको मन्दिर यै हो दीनदुखीको द्वार ।। मानव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प एकचालीस

यात्री! मञ्जिल अब त ठम्याऊ ।
कति छ उकालो कति छ वियाँलो मनमा होश जगाऊ ।।
सधैं रसिलो सामल कुन हो ख्याल गरेर जुटाऊ
शाश्वत पथका को हुन् साथी सोच विचार पुऱ्याऊ ।। यात्री
पथमा कति छन् हेर विसौनी धेरै समय नलाऊ
तमका पटले ढाकिनसक्तै पुग्नु छ पुग्ने ठाउँ ।। यात्री
कति कति वटुवा माथि पुगेछन् हेर न दृष्टि उठाऊ
यो शुभ वेला मार्ग उकालो अवसर यो नगुमाऊ ।। यात्री
पथका अरु विश्रामहरूमा जे जति मिल्छ रमाऊ
अविनाशीके द्वार छ संज्ञे सुखको शाश्वत ठाउँ ।। यात्री

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प बयालीस

प्राणी ! प्रेम सबैको मूल ।।
भुवनबगैंचा सुन्दर पार्ने प्रेम मनोहर फूल ।। प्राणी
श्रद्धा करुणा मैत्री जे भन सबमा प्रेम छ मूल
आफु सुखी हुँ मात्र जहाँ भन्यो हुन्छ त्यहीं सब भूल।।प्राणी
प्रेमबिना जति यज्ञ दान गर फल मिल्दछ प्रतिकूल
प्रेमपूर्ण भै दुइकण देऊ प्रभु हुन्छन् अनुकूल ।। प्राणी
मनको धमिलो गर गै आफैं हरिको सामु कबूल
प्रेमप्रसादी हरिले दिन्छन् हर्छन् मनको शूल ।। प्राणी
प्रेमबिना जति तीर्थ नुहाऊ अमिट छ मनको धूल
प्रेमनदीको स्पर्श मात्रले पार्दछ मल निर्मूल ।। प्राणी
ज्ञान त्यहीं भो योग त्यहीं भो भाव भए अनुकूल
यो भवसागर तर्ने यौटै प्रभुको प्रेम छ पूल ।। प्राणी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प त्रिचालीस

प्रभुका पदको सेवकलाई दुनियाँको अब आश कहाँ
प्रेममार्गको बटुवालाई सुखदुखको पर्वाह कहाँ ।।
जन्म जन्मका बान्धव लाखौं छोडि गए सब कता कता
जति बन्दैछन् बान्धव अहिले ती पनि पुग्छन् कताकता।।
पथिकहरूको क्षणिक मिलनमा अल्मलिने अवकाश कहाँ
आपना अमर सखा हरिलाई भक्त सक्दछन् भुल्न कहाँ।। प्र० ।।
छिन छिन प्रभुले डाकिरहेछन् छोडी सुन्दर मुरलीतान
कहिले प्रभुको द्वार पुगौंला यत्ति छ मनमा केवल ध्यान
कदम कदमको मूल्य समेट्दै जानु छ बढ्दै नित्य जहाँ
त्यस विरहीको जीवनपथमा विलासको दरकार कहाँ।। प्र०।।
प्रभु मन्दिरको लामो यात्रा काँडैकाँडा मार्गभरी
समय छ उस्तै ज्यादै छोटो पुग्ने होला कसो गरी
साँझ नपर्दै पुग्न नपाए विरह लम्बिने डर छ जहाँ
प्रभुप्रेमको यस यात्रामा हिंड्नेलाई चैन कहाँ।।प्रभुका०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प चौवालीस

जब मानव हरिभक्तिसुधामा मन मन आफैं मस्त भयो ।
सम्झनु उसको दुखको जीवन भवबन्धन सब अस्त भयो।।
जन्म जन्मको सुखको सपना नश्वर भवमा पुरुछ कहाँ ।
अविनाशीकै पथ नअंगाली शाश्वत जीवन मिल्छ कहाँ ।।
मनले हरिको कीर्तन गर्दै जसले हरिकै कर्म गऱ्यो ।
क्षण क्षण पल पल हरिमय बन्दै सजिलै त्यो भवसिन्धु तऱ्यो।।
धन जन यौवन भवको नाता सब छन् यी सविकार यहाँ ।
निर्विकारको प्रेम नपाई शुद्ध बन्न को सक्छ यहाँ ।।
गद्गद मनले प्रभुचर्चामा जसले हरिरस पान गऱ्यो ।
प्रभुको चिन्मय धाम मनोहर सहजै उसले प्राप्त गऱ्यो।।
सृष्टि छ प्रभुको शक्ति प्रभुको उनकै व्याप्त विभूति यहाँ ।
जड चेतन सचराचर सब छन् प्रभु कै करुणापात्र यहाँ ।।
करुणामय भै दीन दुखीमा दुइ कण जसले दान दियो ।
दीनबन्धुको सेवाले नै उसको जीवन धन्य भयो ।
प्रभु छन् प्रेमी सृष्टि छ प्रेमी प्रेमविना सब शून्य यहाँ ।
प्रेमपूर्ण मन सम्भव नभए हरिको दर्शन मिल्छ कहाँ ।।
दुइ थोपा प्रेमाश्रु खसाली जसले हरिको नाम जप्यो ।
शतशत स्वर्ण घडाका जलले प्रभुको स्नान गराइसक्यो ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प पैंतालीस

बटुवा ! मन यो धीर बनाऊ ।
जड चेतनको साँझ-विहानी आँउछ ध्यान पुऱ्याऊ ।।
लामो रात छ भन्ने सम्झी मनमा त्रास नल्याऊ
एकै छिनमा हुन्छ विहानी स्थिर भै कदम बढाऊ।। बटुवा
कण्टकहरूकै संगसंग फुल्ने फूलहरू नगुमाऊ
विघ्न र बाधा सब हुन् साथी सार-सार अपनाऊ।। बटुवा
सुख हो छाया दुख हो माया यो कहिल्यै नभुलाऊ
अनित्य भवको नित्य छ कारण त्यसमै ध्यान लगाऊ ।।बटुवा
परमात्मातक यात्रा तिम्रो बीचैमा नबिसाऊ
कदम कदममा पूर्ण हुने त्यो जीवनलक्ष्य समाऊ।। बटुवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प छयालीस

जगत् हो दुइ दिनको विश्राम ।
द्वन्द्वहरूको आवत जावत कहिं छाया कहिं घाम ।। जगत
बटुवा थरि थरि मिल्छन् पथमा सबको भिन्न मुकाम
समय भएपछि आखिर सबले जानु छ आफनै ठाम ।। जगत
सामल आफनै मद्दत आफनै पथमा आउँछ काम
जोसँग जति छ दिव्य सम्पदा त्यति मिल्दछ आराम।।जगत
अनगतकको जीवनयात्रा चल्दछ यो अविराम
मानव मनले जब यो बिर्स्यो जीवन भो बेकाम।। जगत
जसको मित्र छ सत्य जगतमा उसका मित्र तमाम
यो सब दुनियाँ छुट्दा आखिर साथ रहन्छन् राम।।जगत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प सतचालीस

जब पीर व्यथा नै प्यारो नभए प्रेमपथिक भै किन आयौ
यदि दुःख कष्ट नै ननिको लागे भक्ति मार्गमा किन धायौ ।।
कण्टकमय यो जीवनपथमा कदम कदममा फुल्छन् फूल
तिनको सौरभ थाहै नभए साधकबाना किन लायौ ।।
यौटै करुणामृतको धारा बग्दछ सबको प्यास हटाई
जीवनको त्यो सारै नबुझी भावुक बन्दै किन आयौ ।।
संकटविषका घूँटहरू नै जीवनका शुभ साथी हुन्
तिनको गरिमा बुझ्नै नसके सिद्ध बन्न किन अघि आयौ ।।
बाहिरका यी भेदहरूबिच हाँदस्छ यौटै सुन्दर रूप
सब दिलका प्रभुलाई नचिनी भक्तभेष किन अपनायौ ।।
कर्ममूल यो विश्वजीवनी चल्दछ कर्ममाथि अडी
सब कर्म प्रभुकै सेवा नभए ज्ञानतर्फ किन मन लायौ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प अठ्चालीस

प्रभुमन्दिरका सेवक हामी जीवन सार्थक पारौं
जनमानसमा ईशभक्तिको उज्ज्वल दीपक बालौं ।।
बस्ती बस्ती नगर नगर औ गाउँ गाउँमा पुग्दै
सत्य, धर्म औ सेवाव्रतका किरण सुनौला छर्दै
बढ्दै जाओं नाम प्रभुको लिई अमोघ सहारा
समाजहितकै निम्ति निरन्तर वहोस् जीवनधारा ।।प्रभु।।
जसको निम्ति पायौं जीवन त्यसतिर ध्यान लगाओं
दिन दिन उन्नत बन्दै जाने उज्ज्वल भाव जगाओं
धन पद यौवन मान प्रतिष्ठा बाधक बन्न नपाओस्
प्रभुप्रेमकै सरस साधना पाई हृदय रमाओस् ।। प्रभु०।।
विघ्नहरू जति दर्घुन् नडगी अगि अगि बढ्दै जाओं
सुखदुख सबमा प्रभुप्रसादकै पावन भाव सजाओं
कर्मयोगको अटल धारणा मनमा हरदम राखौं
कदम कदममा जीवनको शुभ सरस माधुरी चाखौं।।प्रभु ।।
अधर्म वा अन्याय भएमा साहससाथ हटाओं
सत्य, अहिंसा, समतानिम्ति जीवन भेटि चढाओं
अभय, धैर्य औ सात्त्विकताको सुन्दर संगम बन्दै
यही धर्मको निर्भय पथमा सबतिर आभा छर्दै ।।प्रभु०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प उनन्चास

बालौं जीवनज्योति धर्मको गाऔं यसकै गान
यही छ सच्चा रक्षक सबको शाश्वत धर्म महान्।।
शान्ति अहिंसा ल्याउँछ जसले मानवताको रक्षक भै
स्वकर्ममा नै देखछ जसले पावन यज्ञविधान सबै ।
जसको उदय हुँदा यो बन्दछ भूतल स्वर्ग समान
यही छ सच्चा रक्षक सबको शाश्वत धर्म महान्।। बालौं।।
जसले भन्दछ प्राणिमात्र हुन् ईश्वरका शुभ अंश सबै
करुणा, मैत्री, स्नेह, सुजनता जसका छन् शुभ भाव सधैं
जसले नैतिक शक्ति उदाई सब हुन्छन् बलवान्
यही छ सच्चा रक्षक सबको शाश्वत धर्म महान्।।बालौं।।
जाति जातिका बीच परस्पर मधुर भावना ल्याई
दीनदुखी असहायरूप्रति सेवाभाव जगाई
जसको निम्ति सज्जन गर्छन् जीवनकै बलिदान
यही छ सच्चा रक्षक सबको शाश्वत धर्म महान्।।बालौं।।
शास्त्रहरूले पलपल जसको निर्मल महिमा गाए
ऋषिमुनिहरूले जसको निम्ति जीवन लक्ष्य चिनाए
जसको रक्षा गर्छन् युगयुग जन्म लिई भगवान्
यही छ सच्चा रक्षक सबको शाश्वत धर्म महान्।।बालौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प पचास

सत्यधर्मका पालक सासु मानव नतमस्तक हुन्छ
मानवताका रक्षकलाई आदर मानवले गर्छ ।।
जब जब आसुर भाव बढ्न गै अन्धकार फैलिन्छ
जब जब हिंसा द्वेष घृणाले मानवको मन मैलिन्छ
तब तब ईश्वरसत्तावाटै मार्ग उज्यालो मिल्छ सधैं
महापुरुषका चरणधूलिले पावन बन्दछ विश्व सबै ।।सत्य
जाति-वर्ण औ लिङ्गभेद वर्य ईश्वरसत्ता मान्दैन
सानो ठूलो धनी निर्धनी ईश्वरसत्ता जान्दैन
सबमा सुख औ शान्ति उदाओस् ईश्वरको सन्देश यही
महापुरुषले दिन्छन् भवमा मानव आकृतिभित्र रही।।सत्य
महापुरुषको पाइ प्रेरणा मानव आत्मा ब्यूँझिन्छ
नारी, पुरुष, बालबृद्धमा आत्मचेतना गुञ्जिन्छ
युगयुग आफ्नो ज्योति पटाई छर्छन् ईश्वर शान्तिसुधा
प्रेम अहिंसा सत्य धर्मले उज्ज्वल बन्छिन् सब वसुधा।।सत्य
कर्मयोगका पथदर्शकको अर्चन सबले गर्छन्
पुरुषोत्तमको महिमा गुन्दछ नगर नगर औ वन वन
युगयुग बाँच्ने अमर चेतना महापुरुषकै हो वरदान
ज्योतिशिखामै दृष्टि लगाई चल्दछ मानवको अभियान।।सत्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प एकाउन्न

जो सुख मिल्दछ हरिभजनमा
त्यो सुख त्रिभुवनमा छ कहाँ ।
अन्तर्मन यो शीतल पार्ने
मधुर सुधारस अन्त कहाँ ।
जति जति बाहिर दौड लगायो
सुखको छाया मात्र हुने ।
धन बल वैभव जती जुटायो
मनको तलतल मात्र हुने ।
पूर्ण शान्तिको सुखद छहारी
सतसङ्गति विन अन्त कहाँ ।। जो सुख०
ममता मोहक जाल फिजाउँछ
भोग जगत्मै नित्य डुली ।
मदले अन्तर मलिन बनाउँछ
जीवनको शुभ सार भुली ।
भट्किरहेको विचरो प्राणी
भेट्तछ मङ्गल अन्त कहाँ ।। जो सुख०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MoE-IKS

पुष्प वाउन्न

जागृत होस् मनप्राण सबैको जीवनको निर्माणप्रति
अर्पित होस् तन मन धन सारा जनजनको उत्थानप्रति।।
निर्मल मनको शान्त कुटीमा मानवता साकार हुने
आफैंभित्र उज्यालो पारी चेतनता सञ्चार हुने
जागोस् यो शुभ बोध सबैमा स्वधर्मको सम्मानप्रति
अर्पित होस् तन मन धन सारा जनजनको उत्थानप्रति।।

जागृत०

हिमगिरिका यी चुचुरा भन्छन् उच्चउच्च भै चम्किरहूं
कलकल गर्दै सरिता भन्छन् विस्तृत वन्दै लम्किरहूं
ब्यूँझोस् निश्छल ममता सबमा ईश्वरको वरदानप्रति
अर्पित होस् तन मन धन सारा जनजनको उत्थानप्रति।।

जागृत०

शान्तिदीपको शीतल आभा मनमनमा सन्दीप्त गरी
सत्य धर्मको उज्ज्वलताले घरघर निर्मल ज्योति छरी
बाँचोस् मानव चेतन बन्दै मङ्गल युगनिर्माणप्रति
अर्पित होस् तन मन धन सारा जनजनको उत्थानप्रति।।

जागृत०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प त्रिपन्न

योगेश्वरको महिमा छर्दै धर्मचेतना आयो
कर्मयोगको मन्त्र लिई अब शुभचिन्तन लहरायो ।।
व्यष्टि बनेमा समष्टि बन्दछ सत्य साधना भन्दैछ
व्यक्ति व्यक्तिमै समाजशक्ति छ जीवनरचना बोल्दैछ
सेवाव्रतको जागृतिले अब नवजीवन ब्यूँझायो
मातृभूमिको निश्छल माया ज्योतिपुञ्ज भै छायो ।।
जगबाटै अब उठ्छु म भन्दै समाज ब्यूँझन खोज्दैछ
भावजगत्मै बस्छु म भन्दै राष्ट्रचेतना उठ्तैछ
जन-जनको उत्थान भावना मनमनमा मौलायो
व्यष्टि समष्टि सबैमा पुग्ने गीताज्ञान उदायो ।।
वाह्य भिन्नताभित्र छ यौटै ईश्वरको सुन्दर अनुहार
अनेकतामै खुल्छ एकता सबप्रति छर्दै सद्व्यवहार
नैतिक बलको ढोका खोल्दै सत्यचेतना आयो
कर्मयोगको मन्त्र लिई अब शुभचिन्तन लहरायो ।।
नरबाटै नारायण बन्ने गीताको सन्देश यही
कर्मकर्ममै यज्ञ छ भन्ने ऋषिहरूको निर्देश यही
यो शुभ बेला जागृति मेला नवनिर्माण उदायो
ज्योतिर्मय यो धर्मभूमिले जीवनलक्ष्य चिनायो ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

पुष्प चौवन्न

जय कृपानिधि भक्तवत्सल गरुडवाहन श्रीहरे ।
जय शिवादिक देववन्दित पतितपावन श्रीहरे ।।

प्रभु स्वयं यो सृष्टिरचना गर्दछौ स्रष्टा बनी
प्रभु गर्दछौ लिइ रूप नाना जगतको रक्षा पनि ।
कालका पनि काल प्रभु हौ प्रलयका कारण पनि
शान्तमा पनि शान्त प्रभु हौ प्रबल भयकारण पनि ।।

जय परात्पर सर्वसाक्षी विश्वव्यापक श्रीहरे
जय चराचर शरणदाता विश्ववन्दित श्रीहरे ।।जय।।

नित्य प्रभुकै गर्न सेवा जिन्दगी यो प्राप्त भो
तर मोहमा परि विसिदा सब ज्यूनु नै निःसार भो ।
भूल भो प्रभु माफ पाउँ शरणमा अब पर्दछु ।
तन मन वचनले नित्य प्रभुकै अब म सेवक बन्दछु ।।

जय नाथका पनि नाथ स्वामी ! परम मङ्गल श्रीहरे
जय दीनबन्धु वैकुण्ठनायक जय रमापति श्रीहरे ।। जय ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प पचपन्न

जय हनुमान कृपामय स्वामी ।
चरणकमलमा नत छौं हामी ।।
अञ्जनीनन्दन संकटभन्जन पवनपुत्र बलशाली ।
संयमका आदर्श समुज्ज्वल महावीर व्रतधारी ।।जय
निर्भयताका प्रवल पक्षधर जय जय हे बजरङ्ग बली ।
कल्मषशोषक सदगुण पोषक सत्य धर्मका हे प्रहरी।।जय
हे दुःखभंजन जनमनरन्जन रामभक्त हितकारी ।
जयकरुणाकर जय गुणसागर सन्तहरूका भयहारी।जय
अनुशासनका हे पथदर्शक कपिवर महिमाधारी ।
सबमा सेवाभाव जगाउ मन यो निर्मल पारी। जय
रामायणको अमरकथाका सेवामय सौन्दर्य तिमी ।
परहितको सद्भाव उमारी खेलिरङ्ग मनभित्र तिमी।।जय
भक्त र उनका प्रेमी प्रभुको युगयुगका सम्बन्ध तिमी ।
प्रभुकै पदमा अर्पित बन्ने प्रेमसुधा दिइरहु तिमी।।जय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प छपन्न

बुद्धं शरणं गच्छामि
धर्मं शरणं गच्छामि
संघं शरणं गच्छामि

सुन्दरताको मार्ग बिराई मन यो जब जब बहकिन्छ
आफ्नै गरिमा थाह नपाई मानव जब जब भट्किन्छ
अन्तर्मनले सँग निरन्तर— बुद्धं शरणं गच्छामि
धर्मं शरणं गच्छामि
संघं शरणं गच्छामि।।बुद्धं

शान्ति अहिंसा त्यागी जब जब जीवनको पथ धमिलिन्छ
द्वेषघृणाको तमले ढाकी तिम्रो मन जब मैलिन्छ ।
स्वच्छ चित्तले संझिरहू तिमी— बुद्धं शरणं गच्छामि
धर्मं शरणं गच्छामि
संघं शरणं गच्छामि।।बुद्धं

धर्म जगत्को गौरव हो यो बुद्धं शरणं गच्छामि
मानवताको सौरभ हो यो धर्मं शरणं गच्छामि
उन्नति पथको मूलमंत्र यो संघं शरणं गच्छामि ।। बुद्धं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प सन्ताउन्न

शान्ति अहिंसाका प्रतिपालक
महावीर जय हे।
संयमशील प्रज्ञाका प्रेरक
वर्धमान जय हे ।।
जैन धर्मको निर्मल साधन
हिन्दु धर्मकै महिमा हो ।
ऋषभ देवको पावन पथ यो
आर्यभूमिकै गरिमा हो ।
आत्मसाधनाका प्रतिपादक
तीर्थङ्कर जय हे ।
त्रिशलानन्दन कल्मषभञ्जन
महावीर जय हे ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प अन्ठाउन्न

वेदी कुलका भूषण गुरुवर
नानकको जय होस् ।
मानवताका परम उपासक
नानकको जय होस् ।। वेदी
प्रणवमन्त्रको शिक्षाद्वारा
हिन्दु समाज जगायौ ।
ऊँचनीचको भेद हटाई
सद्गुण महिमा गायौ ।
निर्गुण पथका सन्तशिरोमणि
नानकको जय होस् । वेदी
आर्यभूमिका गौरवरक्षक
नानकको जय होस् ।
परमेश्वरको भक्ति जगाई
समता शान्ति फिजायौ ।
जनजनमा शुभ भाव उमारी
आस्तिकता ब्यूँझायौ
धर्मसमन्वयका पथदर्शक
नानकको जय होस्
सत्यसाधनाका शुभचिन्तक
नानकको जय होस् ।। वेदी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्प उनान्साठी

ॐ जय जगदीश हरे ।
प्रभुका चरण-उपासक कति कति पार तरे ।। ॐ जय
मनको थाल मनोहर प्रेमरूप बाती
भाव कपूर छ मङ्गल आरती सब भाँती ।। ॐ जय
नित्य निरञ्जन निर्मल कारण अविनाशी
शरणागत-प्रतिपालक चिन्मय सुखराशि ।। ॐ जय
सृष्टिस्थितिलयकर्ता त्रिभुवनका स्वामी
भक्तिसुधा वर्षाऊ शरण पर्‍यौं हामी ।। ॐ जय
आसुर-भाव निवारक तारक सुखदाता
गुण अनुरूप तिमी हौ हरि हर औ धाता ।। ॐ जय
युग युग पावन गर्छौं अगणित रूप धरी
लीलामय रस विग्रह करुणा मूर्ति हरि ।। ॐ जय
समता शान्ति प्रदायक सज्जन-हितकारी
चरणशरण अब पार्‍यौं प्रभु भवमयहारी ।। ॐ जय
भाव सुनिर्मल देऊ साधक फलदायी
जीवन धन्य बनोस् प्रभु पदसेवा पाई ।। ॐ जय
संयम सुरसरिताको अविरल धार वहोस्
जति जति जन्म भए पनि प्रभुमा प्रेम रहोस् ।। ॐ जय
प्रेम सहित शुभ आरती जसले नित्य गर्‍यो
दिन दिन निर्मल बन्दै त्यो भवसिन्धु तर्‍यो ।। ॐ जय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अमृत वचन

अनन्य चित्तले मेरो चिन्तन गर्दै जसले निरन्तर मेरो निम्ति नै कर्म गर्दछन्, त्यस्ता मैमा सतत समर्पित भएका भक्तहरूको योगक्षेम म आफैं पूर्ण गरिदिन्छु ।

— भगवान श्रीकृष्ण

म तिम्रै नन्दनन्दन हूँ म तिम्रै प्रेमको धन हूँ ।
न सम्झे दूर छू भन्ने सबैको प्राण जीवन हूँ ।।
तपस्या, त्याग, संयमले ममा नै पुग्दछन् प्राणी ।
जगाऊ धीरता मनमा मलाई साथमै ठानी ।।
बढोस् यो प्रीतिको नाता भनी छू दूर झैं अहिले ।
सधैं छू प्रेमकै वशमा म टाढा पुग्दथें कहिले ? ।।
सधैं सद्भावना राखी बिताए जिन्दगी भवमा ।
मिलनको साधना तिम्रो ममा नै पुग्छ आखिरमा ।।
वहाई प्रेमको धारा सधैं जो संग्रना गर्छन् ।
जहाँ होऊँ सधैं मेरो तिनैमा पुग्छ यो तन मन ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेखकका अन्य प्रकाशित कृतिहरू

]१] जीवनगङ्गाका केही तरङ्ग ।
[२] स्वधर्म र स्वराष्ट्र
]३] हर्षचरित–नेपाली अनुवाद ।
[४] सत्यदर्शन ।
[५] नेपाली साहित्यमा कृष्णभक्ति परम्परा र कवि गुणराज उपाध्याय ।
[६] अन्तर्जगत् ।
[७] आफैंतिर नियाल्दा ।
[८] दैवी सम्पत्ति एक परिशीलन ।
[९] आवाहन (कविता सङ्कलन) ।
[१०] नित्यवन्दना (संस्कृतमा नेपालका विशिष्ट तीर्थस्थल एवं विभूतिहरूको वन्दना) ।
[११] नैतिक शिक्षा (कक्षा ५–६) ।

प्राप्तिस्थानः–

१. श्री खेमराज केशवशरण, ६/३ केशवकुटी, सिफल ।
२. सनातनधर्म सेवासमिति, वेदविद्याश्रम वनकाली, काठमाडौं ।

मुद्रकः– यौवन छापाखाना, पशुपति देवपत्तन, जयवागिश्वरी, काठमाडौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu